कृषि तथा वन विज्ञान विश्वविद्यालय
# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
## डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

फोन नं.: ०५६-५९२१३१
फ्याक्स नं.: ०५६-५३६०१४

प.सं. :
च.नं. :

मिति : २०८१।०७।१२

## B. V. Sc. & A. H. / B. Sc. Fisheries मा विद्यार्थी भर्ना सम्वन्धी सूचना

शैक्षिक वर्ष २०८१/०८२ को लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, रामपुर, चितवनमा संचालन हुने **B. V. Sc. & A. H.** र **B. Sc. Fisheries** कार्यक्रमहरुमा अध्ययन गर्न चाहने र आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन तथा भर्ना सम्बन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराइन्छ ।

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट **SEE/SLC** वा सो सरहको परीक्षामा कम्तीमा द्धितीय श्रेणी वा **C+ Grade** मा उत्तीर्ण भई **10+2** विज्ञान/**I. Sc., A-Level,** पशु/कृषि/वन विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा, स्वास्थ्य विज्ञान सम्बन्धी प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा (जनरल मेडिसिन वा मेडिकल ल्याव टेक्नोलोजी वा अप्थाल्मिक विज्ञान वा डेन्टल विज्ञान वा फार्मेसी वा रेडियोग्राफी वा आयुर्वेद वा फिजियोथेरापी) वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री, वायोलोजी एवं कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषयहरु अध्ययन गरी कूल प्राप्ताङ्कको कम्तीमा ५०% अङ्क वा माथि उल्लेखित प्रत्येक विषयमा **C Grade** का साथै कूल प्राप्ताङ्क **C+ Grade (2.4 CGPA)** प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ । **Theory** र **Practical** दुवै भएको विषयहरुको हकमा एकमुष्ट कम्तीमा **C Grade** हुनुपर्नेछ । योग्यता नपुगी आवेदन फारम भरेमा सो आवेदन फारम अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।

**२. आवेदन दिने मिति र समयः** मिति २०८१ कात्तिक १३ गते देखि २०८१ मंसिर १३ गते राती १२:०० बजे सम्म यस विश्वविद्यालयको **website: https://sis.afu.edu.np** बाट **Online** बाट आवेदन फारम भर्न सकिनेछ । **Online** आवेदन प्रकृयामा कुनै कठिनाई भएमा **info@favf.edu.np** र **Mobile number ९८५५०५२५६९** मा सम्पर्क गरि प्राविधिक सहयोग लिन सकिनेछ । रीतपूर्वक तथा पूर्णरुपले नभरिएको **Online** आवेदन उपर कुनै कार्वाही गरिने छैन ।

**३. आवेदन फारम तथा प्रवेश परीक्षा शुल्कः** दुईवटा कार्यक्रमहरु **B. V. Sc. & A. H.** र **B. Sc. Fisheries** मध्ये कुनै एउटा कार्यक्रममा आवेदन दिनको लागि रु. ४,०००। (अक्षेरुपी चार हजार मात्र) र दुवै कार्यक्रममा आवेदन दिनको लागि जम्मा रु.५,०००। (अक्षरुपी पाँच हजार मात्र) तोकिएको छ । सो रकम आवेदन फारम भर्ने स्थानमा रहेको **Online Payment Link** बाट जम्मा गर्न सकिनेछ । रकम दाखिला गर्दा आवेदक स्वंयमको पुरा नाम र मोबाईल नम्बर अनिवार्य लेखिएको हुनु पर्नेछ । एकै मोबाईल नम्बरबाट एक भन्दा बढि आवेदकको नाममा रकम जम्मा भएमा मान्य हुने छैन । **Online** फारम सफलतापूर्वक **submit** भएको जानकारी फारममा प्रयोग भएको सम्बन्धित विद्यार्थीको **email** मा प्राप्त हुनेछ । अनलाइन माध्यबाट रकम जम्मा गर्दा पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय बाहेक अरु संकाय छनोट

फोन नं.: ०५६-५९२१३१
फ्याक्स नं.: ०५६-५३६०१४

प.सं. :
च.नं. :

मिति :................................

गरि रकम दाखिला गरे आवेदन दिन नमिल्ने साथै सो रकम फिर्ता पनि नहुने हुदा संकाय निश्चित गरेर मात्र जम्मा गर्नु पर्नेछ ।

**४. प्रवेश पत्रः** आवेदक स्वयंले **Online Portal** को **check your status** को **Download Option** बाट परीक्षा मितिको एकदिन अगाडी **Download** गरि **Print** गर्नु पर्ने छ ।

**५. प्रवेश परीक्षा मिति, समय र स्थानः** प्रवेश परीक्षा **२०८१ मंसिर १५ गते बिहान ११** बजे **चितवन र काठमाडौं**मा संचालन गरिनेछ । प्रवेश परीक्षा केन्द्रको जानकारी **afu.edu.np** मा पछि प्रकाशन गरिनेछ र प्रवेश पत्रमा समेत उल्लेख गरिने छ ।

६. राष्ट्रिय परीक्षा बोर्ड **10+2** को पाठक्रमबाट निम्न विषयहरु प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सबै प्रश्नहरु बहुबैकल्पिक वस्तुगत किसिम **(Multiple Choice Objective)** का हुनेछन् ।

| | | | |
|---|---|---|---|
| क) अंग्रेजी - २० | ख) केमेष्ट्री - २० | ग) फिजिक्स - १० | घ) बोटानी - २० |
| ङ) जुलोजी - २० | च) गणित - १० | छ) बिषयगत - १४ | ज) सामान्य ज्ञान - ६ |

प्रवेश परीक्षामा **१२०** वटा प्रश्नहरु हुने छन् जसका लागि **१ घण्टा ३०** मिनेटको समय दिइनेछ ।

**७. परीक्षाफल प्रकाशनः** प्रवेश परीक्षा संचालन गरिएको दिन २०८१ मंसिर १५ गते बेलुका नै परीक्षाफल प्रकाशन गरिनेछ र उक्त जानकारी **afu.edu.np** मा गई प्राप्त गर्न सकिनेछ ।

**८. भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई १००% अङ्क भार दिइनेछ । प्रवेश परीक्षाको उर्त्तीणाङ्क ५०% हुनेछ । सोको आधारमा योग्यताक्रम **(Merit)** को सूचि तयार गरी योग्यताक्रम **(Merit)** अनुसार विद्यार्थी भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । योग्यताक्रमको प्राप्ताङ्क बराबर भएमा **10+2** वा सो सरहको कूल प्राप्ताङ्क **(CGPA),** सो पनि बराबर भएमा **SEE/SLC** को कूल प्राप्ताङ्क र सो पनि बराबर भएमा **10+2** वा सो सरहको तहको क्रमशः बायोलोजि, केमेष्ट्री, फिजिक्स, गणितको प्राप्ताङ्कलाई आधार मानि योग्यताक्रम **(Merit List)** को सूचि तयार गरिनेछ ।

**९. भर्नाका लागि पेश गर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरुः** भर्ना हुनका लागि आवेदन साथ संलग्न सम्पूर्ण कागजात तथा प्रमाणपत्रहरु सक्कलै पेश गर्नुपर्नेछ । भर्नाको समयमा पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरुः

क) फारम भर्दा पेश गरेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
ग) **SEE/SLC** को सक्कल लब्धाङ्क पत्र **(Transcript)** र चारित्रिक प्रमाणपत्र
घ) **10+2** वा सो सरहको तहको सक्कल लब्धाङ्क पत्र **(Transcript)** र चारित्रिक प्रमाणपत्र
ङ) **10+2** वा सो सरहको तहको सक्कल स्थायी प्रमाणपत्र र **Provisional Certificate**

च) **10+2** वा सो सरहको तहको सक्कल **Migration Certificate**
छ) समानस्तर निर्धारण **(Equivalence)** को प्रमाणपत्र **(SEE/SLC** तथा प्रमाणपत्र तह नेपाल बाहिरको विद्यालय/महाविद्यालय वा मान्यता प्राप्त संस्थाबाट उत्तिर्ण गरेकाहरुलाई मात्र**)**
ज) सम्बन्धित कोटामा भर्ना हुन पेश गरेको सम्वन्धित निकायको सक्कल सिफारिस पत्र
झ) प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र

**पूनश्चः** भर्ना हुन आउंदा उपरोक्त सम्पूर्ण सक्कल कागजात सहित तोकिएको मिति र समयभित्र तोकिएको भर्ना दस्तुर डीन कार्यालयको लेखा शाखामा दाखिला गरी आवेदक वा अभिभावक स्वंय उपस्थित भई यस संकायको शैक्षिक प्रशासनमा सम्पर्क राख्नु पर्नेछ । कुनै कागजात अपुग वा बिवरण झुठा ठहरिए वा कुनै कागजात फर्जी ठहर भए त्यस्ता आवेदकलाई भर्ना प्रक्रियामा समावेश गरिने छैन ।

१०. भर्ना प्रक्रिया र मिति पछि प्रकाशन गरिने छ ।

११. प्रवेश परीक्षा उत्तिर्ण भई विश्वविद्यालय विकास शुल्क **(University Development Fund, UDF)** र संकाय विकास शुल्क **(Faculty Development Fund, FDF)** अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढांचामा नियमानुसार आवेदन दिनुपर्नेछ । उक्त सूचना पछि प्रकाशन गरिनेछ । साथै, त्यस्ता आवेदकहरु मध्ये निर्धारित कोटाको लागि योग्यताक्रमको आधारमा भर्ना लिइनेछ । **UDF** कोटामा **B. V. Sc. & A. H. / B. Sc. Fisheries** मा भर्ना हुनको लागि क्रमशः रु.६,००,०००।- (अक्षरुपी छ लाख मात्र) र रु.३,१०,०००।- (अक्षरुपी तीन लाख दस हजार मात्र) लाग्नेछ र सो रकम प्रथम सत्रमा ५०% र तेस्रो सत्रमा भर्ना हुदा ५०% गरि दुई किस्तामा बुझाउनु पर्ने छ । **FDF** कार्यक्रम अन्तर्गत जम्मा ५० जना बिद्यार्थी योग्यताक्रमको आधारमा भर्ना लिईने छ । **FDF** कार्यक्रममा भर्ना हुनको लागि रु १२,००,०००।- (अक्षरुपी बाह्र लाख मात्र) लाग्ने छ र सो रकम प्रथम सत्रमा भर्ना हुदा ५०%, तेस्रो सत्रमा भर्ना हुदा ३०% र पाँचौ सत्रमा भर्ना हुदा बाँकी २०% गरि तिन किस्तामा बुझाउनु पर्ने छ ।

१२. प्रदेश, छात्रा, दलित, आदिवासी/जनजाती, मधेसी शहिद परिवार/द्वन्द पीडित, अपाङ्ग, स्टाफ, स्थानिय कोटा र नेपाल सरकार स्टाफ कोटाका विद्यार्थीहरुका लागि तपशिल बमोजिमका संख्या निर्धारण गरिएको छ । प्रादेशिक कोटामा भर्ना हुनका लागि सोही प्रदेशको नागरिकता र सोही प्रदेशको पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यमिक विद्यालयबाट **SEE/SLC** परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । उक्त कोटामा भर्ना हुन इच्छुक आवेदकले आफूले **SEE/SLC** उत्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित जिल्ला शिक्षा समन्वय समितीको सिफारिश पत्र आवेदन दिदा नै संलग्न गर्नुपर्नेछ र भर्ना हुन आउदा उक्त सिफारिस पत्र सक्कलै पेश गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फारम उपर कुनै कार्वाही हुनेछैन । छात्रा कोटा बाहेक अन्य कोटामा भर्ना हुन इच्छुक बिद्यार्थीहरुले कोटाको लागि तपशिल बमोजिमका सम्बन्धित निकायको प्रमाणपत्र वा सिफारिस पत्र आवेदन दिदानै पेश गर्नुपर्नेछ । अपाङ्ग कोटाको वर्ग र योग्यताक्रमको समेत आधारमा भर्नाको लागि छनौट गरिने छ ।

फोन नं.: ०५६-५९२१३१
फ्याक्स नं.: ०५६-५३६०१४
प.सं. :
च.नं. :
मिति :..............................

**क) दलित कोटाः** राष्ट्रिय दलित आयोग/स्थानिय निकाय

**ख) आदिवासी/जनजाती कोटाः** आदिवासी जनजाती राष्ट्रिय महासंघ/स्थानिय निकाय

**ग) मधेशी कोटाः** सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय

**घ) द्वन्द्व पिडित परिवार कोटाः** आवेदकको नाता खुलेको (श्रीमान/श्रीमती, छोरा/छोरी) प्रमाणित हुने गरी सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/ नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

**ङ) शहिद परिवार कोटाः** आवेदकको नाता (श्रीमान/श्रीमती, छोरा/छोरी) प्रमाणित हुने सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

**च) अपाङ्ग कोटाः** महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय/स्थानिय निकाय ।

**छ) स्टाफ कोटाः** सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता खुलेको (श्रीमान्/श्रीमती, छोरा/छोरी) नाता प्रमाणित हुने गरि सिफारिस पत्र, नागरिकता प्रमाणपत्र र संकायको सिफारिश पत्र । उक्त कोटामा भर्ना हुन आवेदन दिनेहरु मध्ये निर्धारित कोटामा मेरीटको आधारमा भर्ना लिइने छ । आवेदन दिने मिति पछि प्रकाशन गरिने छ । यो सुविधा २ जनालाई मात्र पाउने प्रावधान रहेकोले सो सुविधा यस विश्वविद्यालयको अन्य संकायवाट प्राप्त गरेको पनि गणना गरीनेछ ।

**ज) स्थानिय कोटाः** पशु बिज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अवस्थित स्थानको स्थानिय निकाय भरतपुर महानगरपालिकाको सिफारिश पत्र ।
**झ) नेपाल सरकार स्टाफ कोटाः** पशु सेवा विभागको सिफारिश पत्र ।

**१३. B. V. Sc. & A. H. / B. Sc. Fisheries** लागि तपशिलमा उल्लेखित अनुसार विद्यार्थी भर्ना लिइनेछ ।

**भर्ना कोटा विवरण :**

| विवरण | B. V. Sc. & A. H. | B. Sc. Fisheries |
|---|---|---|
| मेरिट | २० | ७ |
| प्रादेशिक | ७ | × |
| छात्रा | २ | १ |
| दलित | १ | १ |
| आदिवासी/जनजाति | १ | १ |
| मधेसी | १ | १ |
| द्वन्द पीडित/शहिद परिवार | १ | १ |
| अपाङ्ग | १ | १ |
| स्टाफ कोटा पूर्ण छात्रवृत्ति | १ | १ |
| स्टाफ सहुलियत शुल्क | १ | × |
| स्थानिय कोटा UDF | २ | २ |
| UDF | १२ (११+१) | ५ |
| FDF | ५० | × |
| **जम्मा** | **१००** | **२१** |

कृषि तथा वन विज्ञान विश्वविद्यालय
# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
## डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

फोन नं.: ०५६-५९२१३१
फ्याक्स नं.: ०५६-५३६०१४

प.सं. :
च.नं. :

मिति :................................

***UDF** कोटाहरु मध्ये १ सिट नेपाल सरकार, पशु सेवा विभागसंग भएको **MOU** अनुसार आवेदकहरु मध्ये प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा भर्ना लिईने छ र उक्त कोटा लगायत अन्य कुनै कोटा खालि भए नियमित **UDF** कोटामा नै समावेश गरिनेछ । नियमित ५० जना विद्यार्थीहरुको भर्ना सम्पन्न भईसकेपछि **FDF** कार्यक्रममा योग्यताक्रमको आधारमा भर्ना लिईनेछ ।

**१४.** विद्यार्थीहरुलाई छात्राबास उपलब्ध गराउन संकाय बाध्य हुने छैन् ।

**१५.** थप जानकारीहरु यस संकायको सूचना पाटी वा **afu.edu.np** बाट हेर्न सकिनेछ ।

प्रा. डा. होम बहादुर बस्नेत

डीन